# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ०३ अप्रेल २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीले भोली बिहारमा जमुईबाट लोकसभा चुनावको लागि एन.डी.ए गठबन्धनको समर्थनमा चुनावी अभियानको शुभारम्भ गर्नु हुनेछ।

२. दार्जीलिङ संसदीय सीटबाट भारतीय जनता पार्टीका उम्मेद्वार राजु विष्टले आज नामाकंन पत्र दर्ता गर्नुभयो।

३. पश्चिम बंगालामा लोकसभा चुनावको प्रचार प्रसारमा तीव्रता आएको छ।

४. मौसम विभागले कोलकाता लगायत राज्यका कैंयन भागहरूमा अप्रेल महिनादेखि भीषण गर्मी हुने संभावना व्यक्त गरेको छ।

५. आज ताईवानमा गएको शक्तिशाली भूकम्पमा परी ७ जनाको ज्यान गएको छ भने ७०० भन्दा बढ़ी घाइते भएका छन्।भूकम्प पछि सुनामीको चेतावनी जारी गरिएको छ।

**बिहार- प्रधानमन्त्री रैली**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहारमा जमुईबाट लोकसभा चुनावका लागि राष्ट्रिय लोकतान्त्रिक गठबन्धनको चुनावी अभियानको औपचारिक सुरुवात गर्नुहुनेछ। श्री मोदीले जमुई जिल्लाको खैडाको बल्लोपुरमा जनसभालाई सम्बोधन गर्नुहुनेछ। बैठकमा मुख्यमन्त्री नितिश कुमारलगायत पार्टीका नेताहरू र एनडीएका उम्मेदवारहरू पनि सहभागी हुनेछन्। एनडीएमा भाजपासँग सिट बाढ्ने सम्झौतामा, चिराग पासवानको नेतृत्वमा रहेको लोक जनशक्ति पार्टी (रामविलास) ले जमुई सीट कायम राखेको छ। पासवानले २०१४ र २०१९ मा दुई पटक प्रतिनिधित्व गरेको निर्वाचन क्षेत्रवाट अरुण भारतीलाई उम्मेदवार बनाएका छन्। लोकसभा चुनावको पहिलो चरणमा 19  अप्रिलमा गया, औरंगाबाद, नवादा र जमुई लोकसभा निर्वाचन क्षेत्रहरूमा मतदान हुँदैछ।

****** ० ******

**राजु विष्ट नामांकन**

आज दार्जीलिङ संसदीय सिटको लागि भारतीय जनता पार्टीका प्रार्थी राजु विष्टले आफ्नो नामांकन पत्र भर्नु भएको छ। आफ्नो नामांकन पत्र भर्न अघि राजु विष्टले यसपाली पनि दार्जीलिङको प्रसिध्द महाकाल बाबा मन्दिरमा पुगेर पूजा अर्चना गर्नुभयो। उहाँसितै गोर्खा जनमुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष बिमल गुरुङले पनि महाकाल बाबा मन्दिरमा पूजा अर्चना गर्नुभयो। श्री राजु विष्टको समर्थनमा भारतीय जनता पार्टी लगायत गोजमुमो, गोरोमुमो, क्रामाकपा, सुमेटु मोर्चा आदिका पदाधिकारीहरू र कार्यकर्ताहरू पनि उपस्थित रहेका थिए। चौरास्तामा आयोजित चुनावी सभालाई सांसद राजु विष्ट लगायत गोजमुमो अध्यक्ष बिमल गुरुङ, गोरामुमोबाट एनबी छेत्री, दार्जीलिङका भाजपा विधायक निरज जिम्बा साथै डा महेन्द्र पी लामाले पनि सम्बोधन गर्नुभएको थियो। उक्त चुनावी सभापछि चौरास्ताबाट रैलीको साथमा दार्जिलिङ जिल्ला शासक कार्यालयमा पुगेर भाजपा प्रार्थी राजु विष्टले आफ्नो नामांकन पत्र दर्ता गर्नुभयो। यस अवसरमा उहाँलेले दार्जीलिङ जिल्ला शासक डा प्रीति गोयललाई आफ्नो नामांकन पत्र बुझाउनु भयो। आफ्नो

नामांकन पत्र बुझाउने क्रममा पत्रकारहरूसित कुराकानी गर्दै राजु विष्टले यसपाली 5 लाखभन्दा बेसी भोटले बिजय हुने दाबी गर्नुभएको छ।

****** ० ******

**कैम्पियन**

लोकासभा निर्वाचनको घोषणा भए संगसंगै सबै दलका उम्मेद्वारले प्रचार-प्रसाराई तीव्रता दिएका छन्। पश्चिम बंगालको उत्तर २४ परगना जिल्लाको वारासात लोकसभासित धेरै अर्थमा विशेष छ। भारत -बंगलादेश सीमासंग जोड़िएण्को यस क्षेत्रका केही भागहरूमा मतुआ समुदायका मानिसहरू बसोबास गर्छन, बंगलादेशबाट आएका शरणार्थीहरू जसले चुनावको परिणामलाई ठूलो मात्राका प्रभाव पार्छन। यस पटक केन्द्र सरकारले नागरिका कानूनको अधिसूचना जारी गरेको छ, जसको प्रभाव चुनाव नतीजामा  देखिन्छ। एकातिर सत्तारूढ़ तृणमूल कंग्रेसमाथि घुसपैठलाई बढ़ावा दिएको र बंगदेश मुस्लिम घुसपैठहरूलाई संरक्षण दिएको आरोप छ। अर्कोतर्फ कटौती पैसा , भ्रष्टाचार र विकासको अभाव पनि सुश्री ममता व्यानर्जीको पार्टी र सरकारको विरूद्ध मुद्दाहरू छन्। यस पटक पनि तृणमूल कंग्रेसले वारासत लोकसभा सीटका लागि वर्तमान सांसद काकोली घोष दस्तिदालाई टिकट दिइएको छ। उनको विरूद्धामा भाजपाले स्वपन मजुमदारलाई उम्मेद्वार बनाएको छ। यी दुईबीच सिधा अक्क्र हुने संभावना रहेको छ। अहिले यो सीटमा वाम मोर्चाा वा कांग्रेसबाट उम्मेद्वार कुनै उम्मेद्वार दिइएको छैन।

****** ० ******

**पश्चिम बंगाल-कूचबिहार**

पश्चिम बंगालको कूचबिहार संसदीय क्षेत्रमा पहिलो चरणको चुनावलाई लिएरए धेरै उत्साहपूर्ण वातावरण देखिदै छ।निर्वाचन आयोगले 19 अप्रैलमा हुने मतदान, निष्पक्ष अनि सुचारू बनाउनको लागी सबै जरूरी तैयारिहरु पुरा गरेको  छ।

****** ० ******

**भागोप्रोमो कालेबुङ**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा कालेबुङ जिल्ला समितिको आयोजनामा आज आगामी लोकसभा चुनाउ बिषय चालक महासंघ, मजदुर संगठन अनि एम.आर डिलरका प्रतिनिधिहरुलाई लिएर एक संयुक्त सभा सम्पन्न भएको छ। सभा जिल्ला चुनाउ प्रभारी कमल सुब्बाको अध्यक्षतामा सम्पन्न भएको थियो| सभावधी जिल्ला अध्यक्ष बिनय घिसिङले सम्बोधन गर्दै भाजपाले पन्ध्र बर्षसम्म झुठको राजनीति गर्दै गोर्खालाई ठगेको कुरा स्पष्ट पारे। पहाडमा शान्ति स्थापना गरेर हरेकको रोजि रोटि चल्ने शान्तिमय वातावरण अनित थापा अनि प्रजातान्त्रिक मोर्चाले नै बनाएको बताउँदै पहाडको बिकासको गाडी रोकिनु नदिन यसपटक सबैले नै अनित थापाको हात बलियो बनाउन गोपाल लामालाई व्यपकरुपले भोट दिएर जीताउनु पर्ने आव्हान गरे।

****** ० ******

**काम्तापुर प्रोग्रेशीप  पार्टी**

काम्तापुर प्रोग्रेशीप पार्टीको आज एक महत्वपूर्ण बैठक सम्पन्न भएको छ| बैठक पछि पार्टीले यस चुनावमा तृणामुल कंग्रेसलाई सहयोग पुर्याउने निर्णय लिएको छ। पार्टीका केन्द्रीय प्रवत्ता चन्दन सिंहले आज पत्रकारहरूलाई सम्बोधन गर्दै यसपालीको लोकसभा चुनावमा त्रिमुल कंग्रेसका उम्मेदवार गोपाल लामालाई  भोट दिएर विजयी गराउने बताउनु भएको छ।

****** ० ******

**भाजपा नेता/सुरक्षा प्रदान**

केंद्र सरकारले लोकसभा चुनाव अघि बंगालको चार भाजपा नेताहरुको निम्ति विशेष सुरक्षाको प्रबन्द गरेको छ । यसमा कलकत्ता उच्च न्यायालयको पूर्व न्यायाधीश अनि तमलुक बाट भाजपा उम्मीदवार अभिजीत गंगोपाध्याय, बैरकपुर बाट भाजपा उम्मीदवार अर्जुन सिंह, भाजपा जिला महासचिव अभिजीत बर्मन अनि कूचबिहार भाजपाको कार्यकारी सदस्य तापस दास शामिल छन्।लोकसभा चुनाव भन्दा ठीक एक महिना अघि अभिजीत गंगोपाध्याय अनि अर्जुन सिंह भाजपामा शामिल भएका हुन्। अभिजीत गंगोपाध्यायलाई केंद्रको तर्फा बाट "वाई" श्रेणीको सुरक्षा प्रदान गरिएको छ। अर्जुन सिंहलाई "जेड" श्रेणीको सुरक्षा प्रदान गरिएको छ भने अन्य दुई भाजपा नेतालाई "एक्स" श्रेणीको सुरक्षा प्रदान गरिने छ। सुत्र अनुसार चुनाव अवधि हमला हुने गुप्त रिपोर्ट पाए पछि गृह मंत्रालयले यो निर्णय लिएको हो ।

****** ० ******

**संदेशखाली ईडी**

संदेशखालीमा ईडी माथी भएको आक्रमणको जाच गरिरहेको केंद्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले संदेशखालीको १३ जनालाई सोध-पुछको लागी बोलेको छ । सीबीआई सूत्र अनुसारए केहि व्यक्तिहरुलाई आज केंद्रीय जांच ब्यूरो (सीबीआई) ले निज़ाम पैलेसमा बोलेको थियो साथै अन्यलाई भोली बोलेको छ । यसैबीच सन्देशखाली नजात पुलिस चौकी अन्तर्गत राजबारी क्षेत्रका केही बासिन्दा निजाम प्यालेसमा देखिएका छन् । उनीहरुसँग सोधपुछ भइरहेको छ । पाँच जनाको बयान लिइएको केन्द्रीय निकाय स्रोतले जनाएको छ ।
उल्लेखनीय छ कि राशन ॽॽभ्रष्टाचारॽॽ मामिलाको जांचको क्रममा शाहजहां शेखको घरमा छापामारी अवधि ईडी अधिकारिहरु माथी भएको आक्रमणको मामिलामा सीबीआईले अहिले सम्म १६ जनालाई पक्राउ गरिसकेको छ ।

****** ० ******

**मौसम**

महानगर कोलकाता समेत राज्यका अन्य भागहरूमा अप्रेल महिना देखि भीषण गर्मी हुने मौसम विभागले जानेको छ। अलिपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा जानकारी गराइए अनुसार कोलकाता समेत राज्यका अन्य भागहरूमा 37 डिगेरी सेल्सियस तापमान रेकर्ड गरिएको छ जुन सामानन्यभन्दी तीन डिग्री अधिक हो।
यसरी नै अधिकतम तापमान 36.7 डिग्री सेल्सियस छ जुन सामान्यभन्दा दुई डिग्री अधिक हो कोलकाता बाहेक हावड़ा, हुगली, उत्तर अनि दक्षिण 24 परगना, पूर्व अनि पश्चिम मेदिनीपुर, पुरूलिया, बाँकुड़ा समेत राज्यका अन्य भागहरूमा तापमान 28 देखि 37 डिग्री सेल्सियसबीच रेकर्ड गरिएको छ।
यसबाहेक आकाशमा बादल रहेको कारणले तातो हावा माथि जान नसकेको कारणले गर्दा बाफिलो गर्मी महसूस भइरहेको छ। दुई-तीन दिनसम्म वर्षा हुने कुनै सम्भावना छैन, यसैले गर्मी अधिक बढ्नेछ।
मौसम विभागले बताए अनुसार, यसपालि पचिम बंगालमा तापमान 44 डिग्रीभन्दा अधिक हुनसक्छ जसले गर्दा भीषण गर्मी हुनेछ।

****** ० ******

**ताइवान भूकंप**

ताइवानको पूर्वी तटवर्ती क्षेत्रमा आज आएको भूकंपमा चार जनाको मृत्यु भएको छ भने लगभग 60 जना घायल भएका छन्। रिक्टर स्केलमा 7 दशमलव 4 तीव्रता को यस भूकंप पछि, सुनामीको चेतावनी जारी गरिएको छ। भूकंपको केंद्र, ताइवानको हुवालिएन शहर बाट 18 किलोमीटर दक्षिण, समुद्रमा लगभग **35** किलोमीटरको गहराईमा थियो। ताइपे भूकंप विज्ञान केंद्रको निदेशक, वू-चिएन-फूले बताउनु भएको छ पछिलो 25 वर्षमा यो ताइवान अनि तटीय क्षेत्रमा आएको सबै भन्दा शक्तिशाली भूकंप हो । शुरुआती रिपोर्ट अनुसार, हुवालिएनमा धेरै भवनहरु ध्वस्त भएको छ साथै अन्य धेरै भवनहरु क्षतिग्रस्त भएको छ। भूकंपको कारण दक्षिणी जापान अनि फिलीपींसमा पनि सुनामीको चेतावनी जारी गरिएको छ। जापानको योनागुनी द्वीपमा 30 सेंटीमीटर ऊंचाईको सुनामी दर्ता गरिएको छ। चीनको दक्षिण-पूर्वी फूजियान क्षेत्रमा पनि भूकंपको झटका अनुभव गरिएको छ।

****** ० ******

**भारत-ताइवान हेल्पलाइन**

भारत- ताइपे संघले भूकंपको बारेमा सहायता अनि जानकारीको लागी आपात हेल्पलाइन नम्बर जारी गरेको छ। आपात हेल्पलाइन नम्बर यस प्रकार छ- 0905247906 अनि ईमेल आईडी ad.ita@mea.gov.in. सम्पर्क गर्न सकिने छ। संघ ले ताइवानमा रहेको भारतीय नागरिहरुलाई स्थानीय प्राधिकरण द्वारा जारी दिशा निर्देशहरुको पालन गर्ने निर्देश दिएको छ।

****** ० ******

**हाथीको दांत पक्राउ**

जलपाइगुड़ी जिल्लाको लाटागुड़ी रेंज वन अधिकारीहरुले दुई वटा हाथीको दांत सहित दुई आरोपिहरुलाई पक्राउ गरेको छ। पक्राउ परेका आरोपिहरु मूल रुपले अलीपुरद्वार अनि भूटान निवासी रहेको बताईएको छ। यो जानकारी लाटागुड़ी रेंजको रेंजर संजय दत्तले आज दिनु भएको हो।
रेन्जर संजय दत्तले बताउनुभए अनुसार गुप्त सूचनाको आधारमा हिज मयनागुड़ी संलग्न झाझंगी क्षेत्र बाट दुई वटा हाथीको दांत बरामद गरिएको हो। बरामद गरिएको हाथी दांतको ओजन लगभग 5.5 किलोग्राम छ। सोध-पुछको क्रममा आरोपिहरुले हाथीको दांत भूटानको बाटो भएर अन्य देशमा लागेको कुरा स्वीकार गरेको छ| दुवै विरुद्ध वाइल्डलाइफ एक्ट अनुरुप मामिला दर्ता गरिएको छ अनि थप अनुसन्धान शुरू गरिएको छ।

****** ० ******

**अवैध मदिरा व्यापार**

घरबाटै भइरहेको अवैध मदिराको व्यापारको आशीघर थाना पुलिसले खुलासा गर्दै हिज मंगलवार अबेर राती आरोपीलाई पक्राउ गरेको छ। पुलिसले आरोपीको घरबाट भारी मात्रामा देशी-विदेशी मदिरा जफत गरेको छ। पुलिस सूत्र अनुसार आशीघर चौकीको पुलिसले गुप्त सूचनाको आधारमा सुकान्त नगरको एउटा घरमा खोजी अभियान चलाउदा अवैध रूपमा मदिरा व्यापार चलिरहेको थियो। यस अवधि घरबाट लाखौं रुपियाँको देशी-विदेशी मदिरा जफत गरियो। पुलिसले अवैध रूपमा मदिरा बेचेको आरोपमा गरका मालिकलाई पक्राउ गरेको छ।

****** ० ******